# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मकवानपुर, हेटौंडामा रहेको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा कम मूल्य कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत नगरी बढी मूल्य कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाद्वारा आ.व २०७८।७९ मा बजेट उपशीर्षक नं. ३५०००००१९ अन्तर्गत स्वास्थ्य संस्थाहरूमा कोभिड १९ विरुद्ध आवश्यक व्यक्तिगत सुरक्षा सामाग्रीहरूको व्यवस्थापन (स्वास्थ्य सामाग्री) को लागि विनियोजित भएको रु.२,००,००,०००।- बजेटबाट १३ वटा स्वास्थ्य सामाग्रीहरु खरिदको लागि ब्लुमुन मेडिटेक फर्मा काठमाडौं, OM Surgical Concern Pvt. Ltd, Bikash Surgical Concern pvt. Ltd. र Dispovan Syringe & Medical Devices बाट दररेट लिई सामाग्रीहरूको भ्याट बाहेक रु.१,७६,६७,५४९।- र भ्याट सहित रु. १,९९,६४,३३०।३७ बराबरको लागत अनुमान मिति २०७८।१०।०४ गते स्वीकृत गरी बोलपत्र नं. (IFB No): HLMC/G/SC-२/२०७८/७९ Procurement of personal protective equipment for covid-19 pandemic मार्फत राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८।१०।०७ गते बोलपत्र आव्हानको सूचना प्रकाशन भई मिति २०७८।१०।१७ गते बोलपत्र खोल्दाको मुचुल्का अनुसार ८ वटा बोलपत्र पेश भएको देखिएको।

बोलपत्र मूल्याङ्कन समितिबाट बोलपत्र नं. (IFB No): HLMC/G/SC-२/२०७८/७९ Procurement of personal protective equipment for COVID-19 pandemic ठेक्काको न्यून अंक कबोल गर्ने बोलपत्रदाताहरु KS INTERNATIONAL र Dispovan Syringe And Medical Devices ले Standard Bid Document को Section V को Schedule of Requiremetns अन्तर्गत Technical Specification को Table मा स्वास्थ्य सामाग्रीको उत्पादनकर्ता (Manufacturer) को नाम उल्लेख गरी सम्बन्धित Certificate हरु संलग्न गरे तापनि Manufacturing Authorization Letter को विषयमा आवश्यक जानकारी समेत माग नगरी बदनियत राखी जानी बुझी अनुत्तीर्ण गरी/गराई, सारभूत रुपमा प्रभावग्राही भई सफल भएको मानिएको बोलपत्रदाता Janamukti Health Enterprises ले पेश गरेको Manufacturer's Authorization letter मध्ये Nitril Gloves को लागि Guang Dong Andun Guard Protective Supplies Co. Ltd. को Manufacturer's Authorization letter मा आधिकारिक व्यक्तिको नाम र हस्ताक्षर नभएको, Personal protective Cover all, Surgical Mask, N95 Mask गरी जम्मा ३ वटा सामाग्रीको लागि Hubei Medwear Protective Products Co ltd. ले पेश गरेको Manufacturer's Authorization letter मा आधिकारिक व्यक्तिको हस्ताक्षर नभएको अवस्थामा समेत उक्त Manufacturer's Authorization letter को आधिकारिकता जाँचको परीक्षण समेत नगरी/नगराई दोहोरो मापदण्ड अपनाई बोलपत्र मुल्याङ्कन समिति, कार्यालय र निर्माण व्यवसायी बीच गैरकानूनी लाभ प्राप्तीका लागि मिलेमतो गरी सफल भएको भनी आशयको सूचना प्रकाशन गरी, Janamukti Health Enterprises सँग भ्याट समेत रु.१,२४,४४,०१२।- मा सम्झौता गरेको देखिंदा तुलनात्मक रुपमा कम अंक कवोल गर्ने बोलपत्रदाता KS INTERNATIONAL, Dispovan Syringe And Medical Devices, SUNRISE SURGICAL HOUSE ले कबोल

गरेको भ्याट समेतको रकम क्रमशः रु.९८,९१,२००।७५, रु.१,१०,२७,१०५।००, रु.१,१२,२१,६५७।१० लाई योग्यताको जाँच नगरी अयोग्य ठहर गरी गराई चौंथो कम कवोल अंक रु.१,२४,४४,०१२।०० प्रस्ताव गर्ने बोलपत्रदाता Janamukti Health Enterprises सँग सम्झौता गरी गराई रु.३१,१७,०८९।- (एकतीस लाख सत्र हजार उनान्नब्बे रुपैंया) बराबरको रकम राष्ट्रसेवक प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ र बागमती प्रदेश सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो पद ओहोदाको दुरुपयोग गरी गराई सार्वजनिक खरिदमा बढी प्रतिस्पर्धा गराई कम लागतमा गुणस्तरीय वस्तु वा सेवा खरिद गर्नुपर्ने कानूनको उद्देश्य विपरीत प्रतिवादीहरुले कम लागतमा स्वास्थ्य सामाग्री आपूर्ति गर्न इच्छुक अन्य प्रतिस्पर्धी बोलपत्रदातालाई नियोजित तवरले प्रतिस्पर्धाबाट हटाई लक्षित बोलपत्रदाता Janamukti Health Enterprises लाई स्वास्थ्य सामाग्री आपूर्तिको ठेक्का दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसुरजन्य कार्य गरेको हुँदा उक्त कसूर कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाका तत्कालीन निमित्त निर्देशक **डा.अर्जुन प्रसाद सापकोटा**, तत्कालीन लेखा अधिकृत (मूल्याङ्कन समितिका सदस्य) **राधा कृष्ण श्रेष्ठ**, तत्कालीन फार्मेसी सुपरभाइजर (मूल्याङ्कन समितिका सदस्य) **राजेश्वर रंजितकार,** तत्कालीन रेफ्रिजेरेटर टेक्निशियन (मूल्याङ्कन समितिका सदस्य) **रवीकुमार महतो र** तत्कालीन बायोमेडिकल इन्जिनियर (मूल्याङ्कन समितिका सदस्य) **राजेश्वर कमली** | जनही रु.३१,१७,०८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. एकतीस लाख सत्र हजार उनान्नब्बे रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिइएको छ। |
| २. | प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाका तत्कालीन लेखा अधिकृत (मूल्याङ्कन समितिका सदस्य) **नेत्र नर सिंह कार्की** | रु.३१,१७,०८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. एकतीस लाख सत्र हजार उनान्नब्बे रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिइएको छ। |
| ३. | आपूर्तिकर्ता जनमुक्ति हेल्थ ईन्टरप्राईजेज तथा उक्त कम्पनीका प्रोपाईटर **नवराज श्रेष्ठ** | रु.३१,१७,०८९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतीको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो एकतीस लाख सत्र हजार उनान्नब्बे रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल